# हल्दीबारी राजपत्र

हल्दीबारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) झापा, कोशी प्रदेश, नेपाल, माग १० गते २०८० साल (संख्या ७

## भाग २

### हल्दीबारी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

झापा, कोशी प्रदेश नेपाल

हल्दीबारी गाउँ कार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८० को ऐन/नियमावली/निर्देशिका/कार्यविधि नं ७

हल्दीबारी राजपत्र

**हल्दीबारी गाउँपालिकाको सूचना तथा सञ्चार संयोजक सम्बन्धी मापदण्ड (प्रथम संसोधन) २०८०**

**प्रस्तावनाः** गाउँपालिकाले सम्पादन गरेका सबै प्रकारका कार्यहरुलाई आम नागरिकहरुमाझ सहज, सरल र पारदर्शी रुपमा सम्प्रेषण गर्ने, नागरिकहरुको सूचना पाउने अधिकारलाई स्थापित गरी सबै प्रकारका जानकारी नागरिकहरुमा विश्वसनिय रुपमा पुर्याउन र पत्रकार एवं सञ्चार जगत विचमा समन्वय स्थापित गर्न वाञ्छनिय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी **"हल्दीबारी गाउँपालिका सूचना तथा सञ्चार संयोजक सम्बन्धि मापदण्ड (पहिलो संसोधन), २०८०"** जारी गरेको छ ।

**परिच्छद-१**
**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"हल्दीबारी गाउँपालिका सूचना तथा सञ्चार संयोजक सम्बन्धि मापदण्ड (पहिलो संसोधन), २०८०"** रहेको छ ।

(२) यो मापदण्ड हल्दीबारी गाउँपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः-

(क) "गाउँपालिका" भन्नाले हल्दीबारी गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले हल्दीबारी गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "अध्यक्ष" भन्नाले गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

(घ) "सञ्चार संयोजक" भन्नाले गाउँपालिका क्षेत्र भित्रको समाचार रिपोर्टिङ, समाचार लेखन तथा प्रकाशन कार्य गर्ने गाउँपालिकाले तोकेको सञ्चारकर्मीलाई सम्झनु पर्दछ ।

(ङ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई जनाउँछ ।

**परिच्छेद-२**
**सूचना तथा सञ्चार संयोजक सम्बन्धी व्यवस्था**

**३. सूचना तथा सञ्चार संयोजकः**

(क) यस गाउँपालिकासँग सम्बन्धित सूचना, समाचार सम्प्रेषण विकासका गतिविधी प्रकाशन प्रशारण तथा सञ्चारमाध्यममा समाचार र सम्प्रेषण सूचनाको व्यवस्थापन गर्नका लागि गाउँपालिका भित्र रहेका तथा गाउँपालिका क्षेत्र वाहिरका सञ्चार जगत, मिडिया र पत्रकारहरु विचमा संयोजकको रुपमा रहि कार्य गर्नका लागि एक जना सञ्चार संयोजक नियुक्त गर्न सकिनेछ ।

(ख) गाउँपालिकामा उपलब्ध तथ्याङ्क तथा सूचनाको जानकारी सञ्चार संयोजक मार्फत सार्वजनिक सरोकार तथा गाउँपालिकाको हितमा बाहिर ल्याइनेछ ।

(ग) सञ्चार संयोजकले गाउँपालिका भित्रका पत्रकारहरुको कृयाशिलताका साथै गाउँपालिकासँग सम्बन्धित प्रकाशित र प्रशारित समाचार एवं समाचारजन्य सामाग्री संकलनका लागि गाउँपालिकामा अभिलेख राख्नेछ ।

(घ) यसका लागि गाउँपालिका क्षेत्रमा रहेर लामो समय देखि पत्रकारिता क्षेत्रमा कृयाशिल तथा सम्पादक स्तरको व्यक्तिलाई कार्यपालिकाले नियुक्त गर्नेछ ।

(ङ) संञ्चार संयोजकको सेवा अवधि एक वर्षको रहनेछ । साथै निजको काम सन्तोषजनक भएमा कार्यपालिका बैठकबाट निर्णय गरी सेवा अवधि थप गर्न सकिनेछ ।

(च) सञ्चार संयोजकले गाउँपालिका अध्यक्ष लगायत कार्यपालिका, सभा तथा विभिन्न समितिहरुले गरेका निर्णय र नीति नियमहरुलाई सञ्चार माध्यमहरुमा प्रवाह गरी गाउँपालिकाको हितमा दत्तचित्त भई लाग्नुपर्नेछ । साथै सञ्चार माध्यम, संचारकर्मी र संचारजन्य संघ संगठन बिच समन्वयकारी भूमिका खेली गाउँपालिका क्षेत्रको विकास र समृद्धिका लागि सूचनाको व्यवस्थापन गर्नु पर्नेछ ।

४. **सञ्चार संयोजकको काम, कर्तव्य र अधिकारः** (१) सञ्चार संयोजकले गाउँपालिकामा मासिक रुपमा भएका विकास गतिविधि तथा कार्यक्रमहरुको सञ्चारमाध्यममा प्रकाशनका साथै बार्षिक प्रतिवेदन तयार गरी गाउँ कार्यपालिकाको कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

(२) गाउँपालिका क्षेत्र भित्र भए गरेका घटना, गाउँपालिकाको सार्वजनिक सूचनाहरुको प्रकाशन तथा प्रसारण गर्नुपर्नेछ ।

**५. सञ्चार संयोजकको सेवा सुविधाः** सञ्चार संयोजकलाई (समाचार लेखन, प्रकाशन, प्राविधिक कार्य, खाजा, इन्धन, सञ्चार खर्च इत्यादी) को लागि मासिक पारिश्रमिक वापत एकमुष्ठ रु २७,०००।- सताईस हजार उपलब्ध गराइनेछ । पालिकाको थप गतिविधि र सञ्चार कार्यमा अतिरिक्त समय समेत खटिनुपर्ने अवस्थालाई दृष्टिगत गरी दैनिक भ्रमण भत्ता उपलब्ध गराउन सकिनेछ ।

६. **सञ्चार संयोजकको पद मुक्त हुन सक्नेः** सञ्चार संयोजकको काम सन्तोषजन नभएमा गाउँपालिका अध्यक्षले जुन सुकै वखत सञ्चार संयोजकलाई पदमुक्त गर्न सक्नेछन् । तर सफाईको मौकाबाट वन्चित गरिनेछैन ।

**बुलेटिन प्रकाशनः** गाउँपालिकाका गतिविधि आम सरोकारको विषय भएको र नागरिकको सूचनाको हक तथा सुसूचित हुने हकलाई सम्मान गर्न गाउँपालिकाको कार्यालयले कम्तिमा चौमासिक बुलेटिक प्रकाशित गर्न सक्नेछ ।

**७. वेवसाइटः** गाउँपालिकाको आधारभूत सहित महत्वपुर्ण चिनारी, गाउँपालिकाको कार्यालयका महत्वपुर्ण गतिविधि, गाउँपालिकाले प्रकाशन गर्ने आवश्यकता, बोलपत्र, महत्वपुर्ण सूचनालाई गाउँपालिकाकाले निर्माण गरेको वेवसाइटमा राखिनेछ ।

**८. सामाजिक सञ्जालः** गाउँपालिकाका कार्यालयले सामाजिक सञ्जालका रुपमा फेसबुक पेज **हल्दीबारी गाउँपालिका** सञ्चालन गरिनेछ । यसका साथै अन्य विभिन्न सामाजिक सञ्जाल उपयोग गर्न सकिनेछ ।

**९. बचाउः** (१) यो मापदण्ड लागू हुनुभन्दा पहिले मापदण्डमा उल्लेखित विषयमा भएका कामकारबाहीहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

(२) यस मापदण्डमा उल्लेख भएका विषयहरु यसै वमोजिम हुनेछन र उल्लेख नभएका विषयहरु प्रचलित नेपाल कानून बमोजिम हुनेछन ।

आज्ञाले
मान व वन (महेन्द्र)
प्रमुख प्रशासकीय अधिकृत

हल्दीबारी राजपत्र